टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-३, संख्या-४९ मिति २०७९/१२/०२

स्थानीय राजपत्र

## भाग -३

### टीकापुर नगरपालिका नगरकार्यपालिका कार्यालयको

### सूचना

### टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्बन्धि (पहिलो संसोधन) कार्यविधि, २०७९

टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७६ लाई संसोधन गर्न वाञ्छनीय भएकोले

टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७६ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी टीकापुर नगरपालिकाले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधीको नाम **टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्बन्धि (पहिलो संसोधन) कार्यविधि, २०७९** रहेको छ।

२. टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि, २०७६ को दफा (१) मा संसोधन : टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि, २०७६ को दफा (१) मा "आर्थिक सहायता प्रदान गर्न सकिने : देहायको अवस्थाका व्यक्ति वा निजका अभिभावक वा संरक्षकलाई यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पुरा गरी तोकिएको समितिको सिफारिसमा नगर प्रमुखले रु.५,०००/– पाँच हजार सम्म नगदै वा सो बराबर सम्मको जिन्सी सहायता गर्न सक्नेछ ।

(क) विरामी,

(ख) अशक्त–अपाङ्ग,

(ग) परिवारबाट विस्थापित सहारा विहिन वृद्ध, वृद्धा,

(घ) अति विपन्न व्यक्तिहरु,

(ङ) प्राकृतिक विपत्ति तथा विपत्मा परेका घरवार विहिन व्यक्तिहरु । " भन्ने वाक्यांसहरुमा रहेको **"तोकिएको समितिको सिफारिस"** भन्ने वाक्यांशको सट्टा "सम्बन्धित वडा कार्यालयको सिफारिसमा" भन्ने वाक्यांश राखिएको ।

**आज्ञाले,**

नाम :- लक्ष्मण बहादुर कठायत

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरकार्यपाकिाको कार्यालय

स्थानीय राजपत्र